# धनकुटा क्याम्पस बुलेटिन

# Dhankuta Campus Bulletin

## धनकुटा बहुमुखी क्याम्पस, धनकुटा

वर्ष ०२ | २०८० बैसाख – असोज | अङ्क







*क्याम्पस परिसर भित्र प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूद्वारा वृक्षारोपण गर्नुहुदै ।*

### वृक्षारोपण र क्याम्पस सरसफाइ कार्यक्रम सम्पन्न ।

ध. ब. क्या., असार १५ । मिति २०८० असार १५ गते त्रि.वि. दिवसको अवसरमा क्याम्पस परिसरमा फलफूलका विरुवा रोपण गरिने अभियान अन्तर्गत धनकुटा नगरपालिकासँग समन्वय गरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खटिई आएका कामदारहरूको सहभागितामा सप्ताहव्यापी रूपमा क्याम्पस परिसर सरसफाइ गर्ने र मदन भण्डारी फाउण्डेसनसँगको समन्वयमा क्याम्पस परिसरभित्र एभोकाडोको विरुवा समेत रोपियो । कार्यक्रममा मदन फाउन्डेसन १ नं.प्रदेशका अध्यक्ष तथा संसदका पूर्व माननीय गोपाल गुरागाईं,१ नं. प्रदेश सभाका सदस्य तथा न्याय तथा विधायन समितिका सभापति इन्द्रमणि पराजुली,मदन भण्डारी फाउन्डेसन धनकुटाका अध्यक्ष तथा ध.न.पा.वडा नं.१ का वडा अध्यक्ष निरेन तामाङ्,क्याम्पस प्रमुख होमबहादुर बस्नेत,धनकुटा नगरपालिकाका उपमेयर शकुन्तला बस्नेत समेतको उपस्थिति रहेको थियो ।



*क्याम्पस परिषर भित्र धनकुटा बहुमुखी क्याङ्गपसका क्याम्पस प्रमुख सह-प्रा. श्री होम बहादुर बस्नेतज्यूले वृक्षारोपण कार्यक्रम उद्घाटन गर्नुहुदै ।*

## मूल्याङ्कन समितिमा विवरण पेश ।

ध.ब.क्या,वैशाख (३ । धनकुटा बहुमुखी क्याम्पसको बहुतले शैक्षिक भवन निर्माण गर्ने कम्पनीले आफ्ना आर्थिक प्रतिवेदनहरू मूल्याङ्कनका लागि कार्यसमितिमा पेश गरेको छ । उक्त प्रस्तावहरू प्राविधिक दृष्टिले पास भएका निर्माण कम्पनि सारा सृष्टिनिर्माण सेवा धनकुटा र 'ब्राइटबुल निर्माण सेवा सुनसरीले आर्थिक प्रस्तावहरु तयार गरेका हुन्। प्रस्तुत उक्त प्रस्तावहरू मूल्याङ्कनका लागि भवन निर्माण मूल्याङ्कन समितिमा पेश गरेको कुरा क्याम्पस कार्यसमिति संयोजक क्याम्पस प्रमुख सह (प्राध्यापक श्री होमबहादुर बस्नेतले बताउनु भयो ।

## वार्षिक योजना स्वीकृत ।

ध.ब.क्या,वैशाख-४ । धनकुटा बहुमुखी क्याम्पसको शैक्षिकसत्र २०८० चैत्र मसान्त सम्मको बार्षिक योजना स्वीकृतको लागि कार्यसमितिमा पेश भएको छ। कार्य समितिको बैठकले उक्त वार्षिक कार्ययोजनालाई स्वस्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय भएको छ। साथै यसै बैठकमा क्याम्पसको वार्षिक क्यालेण्डर पनि स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय समेत भएको समितिका सदस्यसचिव उप-प्राध्यापक श्री मानबहादुर भण्डारीले बताउनु भएको छ ।

## हाजिरीजवाफ प्रतियोगिता सम्पन्न ।

ध.ब.क्या, वैसाख २९ । धनकुटा बहुमुखी क्याम्पस मिति २०८० वैसाख २९ गतेका दिन अन्तर सङ्काय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । अन्तर सङ्काय हाजिरीजवाफ प्रतियोगितामा जम्मा १६ ओटा समुहले भाग लिएका थिए भने पहिलो, दोस्रो, तेस्रो र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थी समुहलाई पुरस्कार र प्रमाण पत्र प्रदान गरिएको थियो । उक्त कार्यक्रमको उद्घाटन सह- प्रा. क्याम्पस प्रमुख श्री होम बहादुर बस्नेतले गर्नु भएको थियो । उक्त कार्यक्रम धनकुटा बहुमुखी क्याम्पस, विद्यार्थी कल्याण समितिको आयोजना र स्वतन्त्र विद्यार्थी युनियन धनकुटा बहुमुखी क्याम्पसको संयोजनमा भएको थियो ।

## एक दिने कार्यशाला गोष्ठी सम्पन्न ।

ध.ब.क्या, वैसाख २२ । मिति २०८० बैसाख २२ गतेका एम.एड. तह सेमेष्टर प्रणाली आन्तरिक मूल्याङ्कन तथा शोधपत्र मूल्याङ्कन सम्बन्धी १ दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । उक्त कार्यक्रम शिक्षा शास्त्र सङ्काय, डिन कार्यालयको आयोजना र धनकुटा बहुमुखी क्याम्पस, धनकुटाको व्यवस्थापनमा सम्पन्न भएको थियो । सो गोष्ठीलाई शिक्षाशास्त्र सङ्कायका डिन प्रा.डा. चित्रबहादुर थापाले उद्घाटन गर्नु भएको । उक्त गोष्ठीमा कोसी प्रदेशका सङ्खुवासभा, तेह्थुम, भोजपुर र धनकुटा जिल्लामा रहेका एम.एड.तहका कक्षा सञ्चालन भएका क्याम्पसबाट ३० जना प्राध्यापकहरुको सहभागिता रहेको थियो । क्याम्पस प्रमुख सह-प्राध्यापक होमबहादुर बस्नेतले कार्यक्रममा सहभागीलाई स्वागत गर्नु भएको थियो । उक्त गोष्ठीमा सहायक डिन रामेश्वर यादवले एम.एड.तह सेमेष्टर प्रणालीको आन्तरिक मूल्याङ्कन तथा शोधपत्र मूल्याङ्कन सम्बन्धी अभिमुखिकरण गराउनु भएको थियो ।

## बिदाइ कार्यक्रम सम्पन्न ।

ध.ब. क्या., वैसाख २९ । धनकुटा बहुमुखी क्याम्पस मिति २०८० वैसाख २९ गतेका दिन धनकुटा बहुमुखी क्याम्पसमा लामो समय देखि सेवा प्रदान गरी अनिवार्य अवकास हुनु भएका दिव्यप्रसाद मिश्र र रत्नलाल भुजेलको विदाइ सम्पन्न भएको छ । उहाँहरुले यस क्याम्पसमा लामो समय सेवामा रहँदा क्याम्पसको सुधारमा अतुलनीय योगदान पुर्‍याउनु भएको थियो ।

## निर्देशिका कार्यन्वयन गर्ने ।

ध.ब.क्या, वैशाख ३१। त्रि.विले सबै आङ्गिक क्याम्पसहरूमा 'विद्युती हाजिरी निर्देशिका २०७९' जारी गरी लागु गर्ने भएको छ। धनकुटा वहुमुखी क्याम्पसमा पनि त्रिभूवन विश्वविद्यालय राजिष्ट्रारको कार्यालयबाट प्राप्त निर्देशिका २०७९ लाई २०८/२/१ देखि कार्यान्वयन गर्ने निर्णय भएको छ। उक्त निर्णय क्याम्पसमा रहेको विद्युतीय हाजिरी व्यवस्थापन गर्नका लागि गरिएको कुरा क्याम्पस प्रमुखले जानकारी गराउनुभएकोछ।

## भवन निर्माण सम्झौता सम्पन्न ।




ध.ब.क्या, जेष्ठ‡१९ । धनकुटा बहुमुखी क्याम्पसको बहुतले कक्षाकोठा भवनको निर्माण सम्झौता मिति २०८० जेष्ठ १९ गते सम्पन्न भएको छ ।उक्त सम्झौतापत्रमा क्याम्पस प्रमुख सह–प्राध्यापक होमबहादुर बस्नेत र निर्माण कम्पनी श्री ब्राइट बुल निर्माण सेवा, सुनसरीका प्रतिनिधि बीच सयुक्त रूपमा सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ । त्रि.वि. केन्द्रीय कार्यालयको बहुवर्षिय योजना अन्तर्गत सम्पन्न हुने बहुतले कक्षाकोठा भवनको कुल लागत रु ६,४७,१३,७३२.२५÷– रहेको छ ।

## क्याम्पस प्रवेश मार्ग निर्माण ।

ध.ब.क्या, जेष्ठ–२२ . धनकुटा बहुमुखी क्याम्पसको बहुतले शैक्षिक भवन निर्माणका लागि राजमार्ग देखि निर्माण स्थलसम्म प्रवेश गर्ने मोटरेवल मार्ग निर्माण गर्ने भएको छ। बाटोको अभावमा सुगम भए पनि दुर्गम झैं लाग्ने क्याम्पसको भवन निर्माणका लागि आवश्यक निर्माण सामग्री ढुवानी मात्र होईन अन्य शैक्षिक, प्रसासनिक कार्यका लागि पनि बाटोको आवश्यकता परेको देखिन्छ। यसै सन्दर्भमा क्याम्पसले राज– मार्गसँग मोटरेबल सडक सम्पर्क राख्नको लागि हालको परिचय मोडको बसस्टपदेखि शैक्षिक भवन निर्माण क्षेत्रसम्मको बाटो यही निर्माण ग। उक्त प्रवेश मार्गले लगभग दुईहजार भन्दा माथि विद्यार्थी, लगभग एकसय बीस भन्दमाथि प्राध्यापक–कर्मचारी र क्याम्पसमा पाल्नुहुने पाहुनाहरू समेत लाभान्वित हुने कुरा क्याम्पस प्रमुख सह–प्राध्यापक श्री होम–बहादुर बस्नेतले बताउनु भएको छ ।

## मैत्रीपूर्ण बास्केटबल खेल सम्पन्न ।

ध.ब.क्या., भाद्र ८ । मिति २०८० भाद्र ८९ गते धनकुटा बहुमुखी क्याम्पस र धनकुटा बास्केटबल क्लबका बीच मैत्रीपूर्ण बास्केटबल खेल सम्पन्न भएको थियो । उक्त बास्केटकबल धनकुटा बहुमुखी क्याम्पसको बास्केटबल खेल मैदानमा सम्पन्न भएको थियो । सो मैत्रीपूर्ण बास्केटबल खेलको उद्घाटन धनकुटा नगरपालिकाका नगरप्रमुख चिन्तन तामाङ्गले गर्नु भएको थियो । सो मैत्रीपूर्ण खेलमा १७ का विरुद्ध १९ स्कोरले धनकुटा बहुमुखी क्याम्पसले विजय हासिल गरेको थियो । उक्त मैत्रीपूर्ण खेल हेर्नका लागि यस क्याम्पसका प्राध्यापक, विद्यार्थी, कर्मचारी तथा बास्केटबल क्लबका खेलाडीहरू र बजारका खेलप्रेमी स्थानीय नागरिक सहित १५० जना जतिको उपस्थिति रहेको थियो ।




*मैत्रीपूर्ण बास्केटवलका खेलका सहभागि टोलीसँग क्याम्पसका पदाधिकारीहरू*

## भर्ना अभियान सञ्चालन ।

ध.ब.क्या. भाद्र ५ । धनकुटा बहुमुखी क्याम्पसले शैक्षिक वर्ष २०८०÷०८१ का लागि विद्यार्थी भर्ना अभियान कार्यक्रम गरेको छ । उक्त कार्यक्रम विद्यार्थी भर्ना बारेमा सरोकारवालालाई जाकारी गराउने उद्देश्यले सञ्चालन गरिएको थियो । सो कार्यक्रम धनकुटा बहुमुखी क्याम्पसको क्याम्पस प्रमुख होमबहादुर बस्नेतको नेतृत्वमा तेह्थुम, भोजपुर, संखुवासभा र धनकुटा जिल्लाका विभिन्न मा.वि. र क्याम्पसहरुमा गई अभियानको बारेमा प्रकाश पारिएको थियो ।

सो भर्ना अभियान कार्यक्रममा सहायक क्या.प्रमुख (शिक्षा संकाय) श्यामप्रसाद वाग्ले, स. क्या. प्रमुख (विज्ञान तथा प्रविधि अध्ययन संस्थान) सूर्यदेव प्रसाद यादव र स्ववियु प्रतिनिधिहरुको सहभागिता रहेको थियो । वार्षिक प्रणाली अनुसार मानविकी, शिक्षा, व्यवस्थापन सङ्काय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत चार वर्षे स्नातक तहका लागि लक्ष्य गरि उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । यस क्याम्पसमा श्रावण २३ गतेदेखि नै भर्ना फारम वितरण भएको र भाद्र ५ गतेदेखि विद्यार्थी भर्ना हुन थालिसकेको कुरा जानकारी गराउँदै यस शैक्षिक वर्षको कक्षा सञ्चालन शुरु हुने, परीक्षा फारम भर्ने, कक्षा समाप्त हुने, परीक्षा सञ्चालन हुने, नतिजा प्रकाशन हुने मितिका बारेमा समेत स्पष्ट पार्नु भएको थियो । त्यस्तै पूर्व सहायक क्या.प्रमुख (शिक्षा संकाय) दिनेश अधिकारीले गुणस्तरीय शिक्षा धनकुटा क्याम्पसको प्रतिबद्धता भन्ने अभिव्यक्ति सहितको प्रेस नोट वितरण गर्दै यस क्याम्पसमा प्राध्यापन हुने तह र विषयहरूका बारेमा जानकारी गराउँदै क्याम्पसका तर्फबाट सबै तह र सबै प्रकारका विद्यार्थीहरूका निम्ति उपलब्ध गराइने सेवा र सुविधाहरूका सम्बन्धमा पनि विस्तृत रूपमा प्रकाश पार्नुभएको थियो ।

## संयुक्त बैठक सम्पन्न ।

ध.ब. क्या., भाद्र १४ । धनकुटा बहुमुखी क्याम्पसको आयोजनामा क्याम्पस व्यवस्थापन र जनप्रतिनिधिहरुको संयुक्त बैठक सम्पन्न भयो । बैठकको अध्यक्षता क्याम्पस व्यवस्थापनका अध्यक्ष सह–प्रा. क्याम्पस प्रमुख होम बहादुर बस्नेतले गर्नु भएको थियो । उक्त कार्यक्रम क्याम्पसको चौतर्फी विकास तथा स्तरोन्नतिका लागि प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरूबाट प्राप्त हुने विभिन्न किसिमको सहयोगको सुनिश्चितताका लागि आयोजना गरिएको थियो । बैठकमा यस क्याम्पसको बृहत्तर विकास र UGC को आह्वानमा QAA प्रमाण–पत्र प्राप्ति र निरन्तरताका लागि आवश्यक पर्ने भौतिक, आर्थिक, शैक्षिक, प्राज्ञिक एवम् अन्य व्यवस्थापकीय पक्षका साथै मानव संसाधन व्यवस्थापन जस्ता पक्षहरूमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता प्रदेश र स्थानीय दुवै तहका जनप्रतिनिधिहरूबाट व्यक्त भएको थियो । बैठकमा कोशी प्रदेशका विधायन समितिका सभापति माननीय इन्द्रमणि पराजुली, माननीय निरन राई, माननीय लीला सुब्बा, जिल्ला समन्वय समितिका प्रमुख टङ्क चौहान, धनकुटा नगरपालिकाका नगरप्रमुख चिन्तन तामाङ, उपप्रमुख शकुन्तला बस्नेत, महालक्ष्मी न.पा.का नगरप्रमुख पर्शुराम नेपाल, उपप्रमुख मञ्जु कार्की, पाख्रिबास न.पा.का उपप्रमुख देवकला तिम्सिना, सहिदभूमि गा.पा.का पालिका अध्यक्ष मनोज राई, छथरजोरपाटी गा.पा.का उपाध्यक्ष भीमकला श्रेष्ठ, उद्योग वाणिज्य सङ्घ, धनकुटाका पूर्व अध्यक्ष लालचन गोम्बा, धनकुटा न.पा. वडा नं. ६ का अध्यक्ष तथा क्याम्पस व्यवस्थापन समितिका सदस्य नरेश श्रेष्ठ लगायत क्याम्पस व्यवस्थापन तथा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

## क्याम्पसको स्थापना दिवस सम्पन्न ।

ध. ब. क्या., श्रावण १४ । मिति २०८० श्रावण १४ गते धनकुटा बहुमुखी क्याम्पसको स्थापना दिवसको अवसरमा धनकुटा बहुमुखी क्याम्पस परिसरमा फलफूलका विरुवा रोपण अभियान कार्यक्रमका सम्पन्न भयो । सो कार्यक्रमका लागि धनकुटा नगरपालिकासँग समन्वय गरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खटिई आएका कामदारहरूको सहभागितामा क्याम्पस



नं.१ का वडा अध्यक्ष निरन तामाङ्, क्याम्पस प्रमुख होम बहादुर बस्नेत, धनकुटा नगरपालिकाका उपमेयर शकुन्तला बस्नेत, महालक्ष्मी नगरपालिका धनकुटाका उप मेयर मञ्जु कार्की लगायत क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो ।

## जेहेन्दार छात्रवृति र निशुल्कवृति प्रदान

ध.ब.क्या., भाद्र १७ । धनकुटा बहुमुखी क्याम्पसको स्नातक तह समूह २०७५-७९ अन्तर्गत प्रथम बर्षमा भर्ना भइ २०७८ सालको तश्रो वर्षको परीक्षामा सामेल भई उतीर्ण गरेका शिक्षाशास्त्र सङ्कायका र व्यवस्थापन सङ्कायका विद्यार्थीहरूलाई जेहेन्दार छात्रवृति र निशुल्कवृति प्रदान गरिको छ । शिक्षा सङ्काय छात्रा तर्फका मनिषा राई, ६२.५ प्रतिशत र छात्र तर्फका रविन लावर ले ५४.४ प्रतिशत प्राप्त गरी जेहेन्दार छात्रवृति प्राप्त गरेका छन् भने छात्र छात्रा गरी जम्मा २९ जनाले निशुल्कवृति प्राप्त गरेका छन् । त्यस्तै व्यवस्थापन सङ्काय तर्फका छात्रा राधिका राईले ६६.०४ प्रतिशत र छात्र विक्रम चोवानले ५०.०४ प्रतिशत प्राप्त गरी जेहेन्दार छात्रवृति प्राप्त गरेका छन्

त्यस्तै गरी २०७६-८० समूह अन्तर्गत प्रथम वर्षमा भर्ना भई २०७८ सालको दोश्रो वर्षको परीक्षामा संलग्न भई उतीर्ण गरेका शिक्षाशास्त्र सङ्कायका छात्रा तर्फका जुना कटुवालले ५८.८३ प्रतिशत र छात्र तर्फका डिल्लीराम ओझाले ५३.८३ प्रतिशत प्राप्त गरी जेहेन्दार छात्रवृति प्राप्त गरेका छन् भने दोश्रो वर्षका छात्र छात्रा गरी जम्मा ३० जनाले निशुल्कवृति प्राप्त गरेका छन् ।

**प्रकाशक**
**धनकुटा बहुमुखी क्याम्पस, धनकुटा**
**इ-मेल : dktcampus@gmail.com**
**वेबसाइट: www.dhmc.tu.edu.np**
**सम्पादन मण्डल**
**संयोजक: उप-प्रा. श्री कृष्ण गोविन्द अधिकारी**
**सदस्य: शिक्षण सहायक श्री उद्दव कटुवाल**
**सदस्य: शिक्षण सहायक श्री रमेश श्रेष्ठ**